# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ भदौ २०७९

# बुधवार

# बैठक सङ्ख्या- ५५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १०:५९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय गोपाल भट्टराई ।

**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अहिले देश डेङ्गु रोगले आक्रान्त छ । हालसम्म ११ हजारभन्दा बढी मान्छेहरूलाई डेङ्गु रोग लागिसकेको छ । उपचारको व्यवस्थापन राम्रो छैन । नियन्त्रणको निम्ति कुनै योजना देखिँदैन । केही विज्ञापहरूबाहेक अरू योजना छैन ।

त्यसो भएको हुनाले यसको नियन्त्रणको निम्ति सरकारले तत्काल योजना बनाओस् । र यसको नियन्त्रणको निम्ति प्रभावकारी कदम चालोस् भन्न चाहन्छु । खास गरेर अहिले औषधी सिटामोलसमेत प्राप्त नगरेको कुरा आएको छ । यो देशव्यापी भइसकेको छ । खास गरेर ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्ष महोदय, आज यो मिटर व्याजीहरूले आम जनतालाई ठगी गरिरहेको कुरा र व्यापक रूपमा चाहिँ मानिसहरूलाई मिटर व्याज असुल गर्दै ठगी गरिरहेको कुरा आएको छ । तर ती न्याय माग्न गएकाहरूलाई सरकारले उल्टै लाठी चार्ज गर्ने । र तिनीहरूको आवाज सुन्नुको साटो सरकारले तिनीहरूलाई नै दमन गर्ने काम गरिरहेको छ । र यस्तो काम अविलम्ब रोकियोस् भनेर म माग गर्न चाहन्छु । यो सरकारलाई सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत र अहिले सिटामोलको अभावले देशमा सिटामोलै पाइँदैन भन्ने कुरा छ त्यसको व्यवस्था अविलम्ब विकास गरियोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा ।

**<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- यो देशमा कोरोनासँगै डेङ्गो रोग भयावह स्थितिमा सृजना भएको छ । र औषधी उपचारको निमित्त समस्या भएको छ भन्ने समाचार आइरहेको छ । र यो व्यापक रूपले फैलिँदै गएको त्यसका बारेमा सरकारले विशेष ध्यान दिनुपर्छ । बाढी पहिरोबाट उसको पहिरोबाट जनताहरू आहत भएका छन् । त्यसको लागि उद्धारको लागि र व्यवस्थापन खानपिनको लागि व्यवस्थापन गर्नुपर्ने देखिन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । म उक्त पत्रहरूको बेहोरा जानकारी गराउँछु ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएको देहायबमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति थान १ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ विधेयक, २०७९ | २०७९/०५/२१ |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/०५/२१

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएका देहायबमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रतिहरू थान ५ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | तथ्याङ्कसम्बन्धी कानुनलाई संशोधन र एकीकृत गर्न बनेको विधेयक | २०७९/०५/२८ |
| २. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०५/२८ |
| ३. | प्रत्यायन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०७९/०५/२८ |
| ४. | सार्वजनिक पद धारण गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/०५/२८ |

| | | |
|---|---|---|
| ५. | योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/०५/२८ |

(यादवप्रसाद कोइराला)

सचिव

२०७९/०५/२८

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" टेबुल गर्नुभयो।)

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाललाई "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

<u>विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाल</u>ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभामा उत्पति भई उक्त सभाबाट पारित भएर सन्देशसहित राष्ट्रिय सभामा प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" लाई राष्ट्रिय सभाको २०७९ साल भदौ २१ गतेको बैठकको निर्णयअनुसार विधायन व्यवस्थापन समितिमा दफावार छलफल गरी प्रतिवेदन पेस गर्नका लागि पठाइएको थियो । समितिले विधेयकमाथि संवत् २०७९ साल भदौ २४, २६, २७ र २८ गते गरी ६ पटक बैठक बसी माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री, विधेयकमाथि संशोधन प्रस्तावका प्रस्तोता माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध पदाधिकारीहरू, पशु सेवा विभागका महानिर्देशक, केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्रका प्रमुखलगायतको उपस्थितिमा छलफल गरेको थियो । विधेयकका विभिन्न दफामा समूहगत र व्यक्तिगत गरी कुल २६ जना माननीय सदस्यहरूबाट ८६ ओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिए । यस समितिमा विधेयकमाथिको दफावार

छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक तथा अनौपचारिक रूपमा सहयोग गर्नुहुने माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध पदाधिकारीहरू साथै समिति सचिवालय परिवारलगायत सम्बद्ध सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिले पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ मा प्राप्त संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको विधेयक यस सम्मानित सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव</u>ः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ ३० गते बिहीवार अपराह्न २:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल भदौ ३० गते बिहीवार अपराह्न २:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- ११:१५ बजे ।**